आज मिति २०७६ साल फाल्गुण १४ गते बुधबारका दिन विहान ७:३० बजे यस नगरपालिकाको ४५ औं कार्यापालिका बैठक नगरप्रमुख श्री शिवप्रसाद ढकालज्यूको अध्यक्षतामा देहाय बमोजिमको कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा बस्यो ।

| हस्ताक्षर | पद | नामथर | कैफियत |
|---|---|---|---|
| | नगरप्रमुख/अध्यक्ष | श्री शिवप्रसाद ढकाल | |
| | उप-प्रमुख | श्री धनमाया तामाङ | |
| | कार्यपालिका सदस्य | श्री विनोदबहादुर बस्नेत | |
| | कार्यपालिका सदस्य | श्री डोरीलाल चौधरी | |
| | कार्यपालिका सदस्य | श्री जीवनप्रसाद ढुंगाना | |
| | कार्यपालिका सदस्य | श्री शैलेन्द्र श्रेष्ठ | |
| | कार्यपालिका सदस्य | श्री रामप्रसाद रिजाल | |
| | कार्यपालिका सदस्य | श्री जीवनकुमार राई | |
| | कार्यपालिका सदस्य | श्री चैतन्यप्रसाद सिटौला | |
| | कार्यपालिका सदस्य | श्री खेमप्रसाद न्यौपाने | |
| | कार्यपालिका सदस्य | श्री राजकुमार कार्की | |
| | कार्यपालिका सदस्य | श्री राजेन्द्रबहादुर थापा | |
| | कार्यपालिका सदस्य | श्री विशनलाल चौधरी | |
| | कार्यपालिका सदस्य | श्री रोशनप्रसाद ढकाल | |
| | कार्यपालिका सदस्य | श्री सिता नेपाली | |
| | कार्यपालिका सदस्य | श्री हेमकुमारी विश्वकर्मा | |
| | कार्यपालिका सदस्य | श्री उमादेवी गुरुङ | |
| | कार्यपालिका सदस्य | श्री तारा घिमिरे | |
| | कार्यपालिका सदस्य | श्री उर्मिला शर्मा रिजाल | |
| | कार्यपालिका सदस्य | श्री भक्तकिरण राई | |
| | कार्यपालिका सदस्य | श्री हर्कराज परियार | |
| | कार्यपालिका सदस्य | श्री रामलाल गच्छदार | |
| | सचिव | श्री गणेशप्रसाद दाहाल | |

आमन्त्रित :

| | | | |
|---|---|---|---|
| | लेखा अधिकृत | श्री शेखर ढकाल | |
| | सू.प्र.अ. | श्री रोशन खनाल | |
| | ना.सु. | श्री रोहित निरौला | |

| | | | |
|---|---|---|---|
| | लेखापाल | श्री शालिग्राम दाहाल | |
| | लेखापाल | श्री पुण्यप्रसाद ढकाल | |
| | क.अ. | श्री बाबुराम भट्टराई | |
| | क.अ. | श्री निरज न्यौपाने | |
| | कार्यालय सहायक | श्री दिपक बजगाई | |
| | कार्यालय सहायक | श्री विजयराज श्रेष्ठ | |
| | कार्यालय सहयोगी | श्री उमा कटुवाल | |
| | कार्यालय सहयोगी | श्री समुद्र विश्वकर्मा | |
| | नगरप्रमुखको अंगरक्षक | श्री फुर्वा शेर्पा | |
| | सहायक पाचौं | श्री तिर्थराज घिमिरे | |

**प्रस्ताव नं. १ : विद्यालय व्यवस्थापन समिति सम्बन्धमा ।**

निर्णय : प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगरपालिका क्षेत्र भित्र रहेका सामुदायिक विद्यालयहरुमा मौजुदा ऐन/नियम बमोजिम गठन भएका विद्यालय व्यवस्थापन समिति मध्ये केही विद्यालयहरुमा रहेकाविद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूको समयावधी सकिएको भएता पनि हाललाई मौजुदा विद्यालय व्यवस्थापन समितिबाट नै कामकाज गर्ने गरि म्याद थप गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २ : पाँचौ नगरसभा सम्बन्धमा ।**

निर्णय : प्रस्ताव नं. २ माथि छलफल गर्दा १ नं. प्रदेश गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन २०७५ को दफा ३(१) बमोजिम सुन्दरहरैँचा नगरपालिकाको पाचौं नगरसभा मिति २०७६/१२/०७ गते गर्ने निर्णय गरियो ।

**विविध :**

**(क) कर्मचारीको नियुक्ति अनुमोदन सम्बन्धमा ।**

निर्णय : प्रस्ताव नं. विविध (क) माथि छलफल गर्दालोकसेवा आयोग धनकुटा कार्यालयको च.नं. ७६३ मिति २०७६/११/०४ को पत्र तथा सोही कार्यालयको च.नं. ८२२ मिति २०७६/११/०४ को पत्रानुसार तपशील बमोजिम सिफारीस भई आएका कर्मचारीहरूको यस कार्यालयको(नगर प्रमुख स्तरीय) निर्णयबाट गरिएको स्थायी नियुक्तिलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**तपशिल**

| सि.नं. | सेवा/समूह | पद | नामथर | निर्णय मिति |
|---|---|---|---|---|
| १. | सिभिल ईन्जिनियरीङ | सव-ईन्जिनियर(पाचौं) | श्री सुनिल तिम्सीना | २०७६/११/०७ |
| २. | सिभिल ईन्जिनियरीङ | सव-ईन्जिनियर(पाचौं) | श्री भरोसा खतिवडा | २०७६/११/०८ |

साथै समुदायमा आधारित पुनर्स्थापना सहजकर्ता छनौट समितिले गरेको सिफारिस तथा मिति २०७६/११/१२ गतेको नगरप्रमुख स्तरीय निर्णय बमोजिम देहाय अनुसारका समुदायमा आधारित पुनर्स्थापना (सिविआर) सहजकर्ताहरूको करारनामा गर्ने निर्णय गरियो ।

**देहाय**

| सि.नं. | नामथर | ठेगाना |
|---|---|---|
| १. | श्री सिता अधिकारी | सुन्दरहरैँचा-८ |
| २. | श्री निरू खत्री | सुन्दरहरैँचा-१२ |
| ३. | श्री दिपेन्द्र मुखिया | कटहरी-२ |
| ४. | श्री ममता भट्टराई | सुन्दरहरैँचा-१ |
| ५. | श्री अविना भट्टराई | सुन्दरहरैँचा-८ |

**(ख) बालमैत्री स्थानीय शासन तथा बाल अधिकार संरक्षण कार्यविधि सम्बन्धमा।**

निर्णय : प्रस्ताव नं. विविध (ख) माथि छलफल गर्दा सुन्दरहरैँचा नगरपालिकाको बालमैत्री स्थानीय शासन तथा बाल अधिकार संरक्षण कार्यविधि २०७६ आगामी बैठकमा छलफल गर्ने निर्णय गरियो ।

(ग) सुरक्षा चौकी स्थापना सम्बन्धमा ।

निर्णय : यस नगरपालिका अन्तरगत गछिया खोला पश्चिममा रहेका वडा नं. ४, ५ र ६ मा शान्ति सुरक्षाको लागि सुरक्षा चौकी स्थापना गर्न आवस्यक देखिएको हुदा वडा नं. ६ मा कार्यालय रहने गरि जिल्ला सुरक्षा समितिमा अनुरोध गर्ने निर्णय गरीयो ।

(घ) नदिजन्य पदार्थ संकलन विक्रि मूल्यको ठेक्काको म्याद थप सम्बन्धमा ।

निर्णयः यस नगरपालिकाको आन्तरीक श्रोत अन्तर्गत खोला ठेक्का रकम संकलनका लागि छनौट भएको स्वामिनारायण निर्माण सेवा प्रा.ली. ले अस्थायी अनुमतिको म्याद थपका लागि दिएको निवेदन बमोजिम ४२ औ कार्यपालिका बैठकको निर्णय नम्बर ५ बाट थप गरीएको अस्थायी अनूमतिलाई २०७६ चैत्र मसान्त सम्मका लागि निरन्तरता दिने निर्णय गरीयो ।

(ङ) आर्थिक सहयोग सम्बन्धमा।

निर्णयः प्रस्ताव नं. विविध (ङ) माथि छलफल गर्दा तपसिल बमोजिमका ब्यक्तिहरू लाई तपसिल बमोजिमको आर्थिक सहयोग गर्ने निर्णय गरियो।

तपसिल

| सि.नं. | नाम, थर | ठेगाना | सहयोगको कारण | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | श्री तेजप्रसाद भट्टराई | सुन्दरहरैंचा-१२ | क्यान्सर रोग | रू. ५१, ०००/- | यसोदा खनालको नाति |
| २. | श्री लक्ष्मि प्रसाई | सुन्दरहरैंचा-८ | रथ यात्राको घाइते | रू. ५१, ०००/- | उपचार खर्च |
| ३. | श्री नितेस गौतम | सुन्दरहरैंचा-३ | जुनियर साइन्स ओलम्पियाडमा तेस्रो हुन सफल | रू. ५१, ०००/- | प्रोत्साहन |
| ४. | श्री लोकेन्द्र पाण्डे | कर्मचारी | कार्यालयको कामको शिलशिलामा फिल्ड जादाँ दुर्घटना भएको | रू ३०,०००।- | उपचार खर्च |

च) घाट निर्माण तथा तटबन्धनका लागि बजेट ब्यवस्थापन सम्बन्धमा ।

निर्णय : सुन्दरहरैंचा नगरपालिका वडा नं. ५ मा अवस्थित वृहत्तर मुक्तिघाट निर्माण तथा उक्त घाट निर्माण स्थलमा आवश्यक तटबन्धन गर्नका लागि आन्तरिक श्रोतबाट खर्च हुने गरी रू ३५,००,०००।- (अक्षरूपी पैतीस लाख मात्र) बजेट विनियोजन गर्ने निर्णय गरियो ।